# पुर्चौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.२०७८/०७९ हाट, बैतडी
च.नं. सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:२०७८।०८।१५

**प्रतियोगितात्मक कार्यक्रम आयोजना हुने सम्बन्धी सूचना !!!**

उपरोक्त सम्बन्धमा यस पुर्चौंडी नगरपालिका द्वारा युवाहरुमा भएको विभिन्न प्रतिभाहरुको सम्मान, प्रवर्द्धन, समुचित विकास तथा विस्तारका लागि मूल आधारको रुपमा रहेका विद्यालयहरुलाई केन्द्रविन्दु बनाई खुल्ला तथा संस्थागत रुपमा युवाहरुको बौद्धिक, साहित्यीक, रचनात्मक तथा सांस्कृतिक कला प्रतिभाको खोजि गर्दै उत्कृष्ट प्रतिभाको संरक्षण, संवर्द्धन गर्ने र राष्ट्र निर्माण एवं विकासमा युवाहरुको भुमिकालाई सबल, सक्षम एवं प्रभावकारी बनाउन स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरीय विभिन्न विधाका प्रतियोगिताहरुमा भाग लिन सक्ने क्षमताको विकास गर्ने उद्धेश्यले **उपमेयर को प्रोत्साहन:युवा पुस्तालाई सम्मान-प्रतिभा पहिचान वृहत बौद्धिक, रचनात्मक, साहित्यिक तथा सांस्कृतिक कला** प्रतियोगिताको आयोजना गरिने भएको हुँदा तोकिएको नियम भित्र रहि तपसिल बमोजिमका कार्यक्रमहरुमा सहभागी गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

**हाजीरीजवाफ प्रतियोगिता:**

१. प्रतियोगितामा सोधिने प्रश्न तथा उत्तरहरु नेपाली मा हुनेछन र केही प्रश्नहरु अंग्रेजी माध्यम बाट समेत सोध्न सकिने छ।
२. हाजिरीजवाफ प्रतियोगिता माध्यमिक विद्यालय (९-१२) स्तरीय हुने र एक विद्यालय बाट एउटा समूहलाई मात्र सहभागी गराईनेछ।
३. हाजिरीजवाफ प्रतियोगिता एक पटकमा ६ समूह बनाई सञ्चालन गरिने छ र एक पटकको प्रतियोगितामा जम्मा ६० अनिवार्य र १० बैकल्पिक प्रश्नहरु राखिने छन्।
४. कुनै प्रश्नको उत्तरमा दुविधा भएमा आयोजक संग भएको प्रश्नको उत्तरनै अन्तिम उत्तर हुनेछ।
५. प्रश्नको उत्तर दिने समय: प्रथम पटक प्रश्न सोधिएको समूहलाई १ मिनट, दोस्रोलाई ३० सेकेण्ड र त्यस पछिकालाई १५/१५ सकेण्डको हुनेछ।
६. प्रतियोगितामा नेपालको संविधान, नेपालको संस्कृति, भूगोल, इतिहास, विश्व संस्कृति, भूगोल र ईतिहास, विज्ञान प्रविधि, अन्तरिक्ष सम्बन्धी, र कक्षा १० सम्मका कितावहरु बाट समसामयीक विषयहरु जोडी बनाएका प्रश्न उत्तरहरु सोधिने छन्।
७. एउटा समूहमा अधिकतम ३ जना मात्र हुनुपर्नेछ तर ती मध्ये कम्तीमा १ जना अनिवार्य छात्रा हुनुपर्नेछ।
८. पोषाक: सम्बन्धित विद्यालयको नियमानुसारको पोषाक अनिवार्य हुनुपर्नेछ।
९. प्रतियोगितामा सोधिने प्रश्नहरु आयोजक आफैले व्यवस्था गर्नेछ।
१०. हाजिरीजवाफ प्रतियोगिता विजेता पुरस्कार: प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने समूहलाई क्रमश: रु.४०,०००/-,३०,०००/-, २०,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु १०,०००/- हजार नगद र प्रमाण पत्र प्रदान गरिनेछ।
११. यसमा उल्लेख नभएका कुराहरु हाजिरीजवाफ प्रतियोगिता सञ्चाल सम्बन्धी प्रचलित नियमानुसार हुनेछन्।

**वादविवाद प्रतियोगिता:**

१. वादविवाद नेपाली भाषामा हुनेछ।
२. वादविवादमा व्यक्त गर्नुपर्ने कुराहरु लेखेर पढ्दै भन्न पाईने छैन।

प्रमुख प्रशासकिय अधिकृत

३. वादविवादको शीर्षक: "छोरा छोरीलाई प्रशस्त धन कमाइ दिनु भन्दा उचित शिक्षा दीक्षा दिनुपर्छ" भने हुनेछ र पक्ष र विपक्ष गोलाप्रथा बाट छनौट गरिनेछ।

४. वादविवादमा पक्ष वा विपक्ष विषयमा आफ्नो सिर्जनात्म अभिव्यक्ति मात्र राख्नुपर्ने छ।

५. वादविवाद प्रतियोगिता (कक्षा ६-१२) सम्म सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु विच हुनेछ र एक विद्यालय बाट उत्कृट छात्र वा छात्राहरु मध्ये बाट कुनै एक जनालाई मात्र सहभागी गराईनेछ।

६. प्रत्येक सहभागीलाई आफ्नो पक्षमा मत राख्न समय ५ मिनेट मात्र हुनेछ, ४ मिनेटमा जनाउ घण्टी बज्नेछ र उक्त समय अवधिभरि आफ्नो भनाई नसकेमा बाँकी समयमा गरेको कुराको मुल्यांकन हुने छैन।

७. पोषाक: सम्बन्धित विद्यालयको नियमानुसारको पोषाक अनिवार्य हुनुपर्नेछ।

८. प्रतियोगितामा कुनै जातजाती, सम्प्रदाय, भेषभूषा, राष्ट्र, राष्ट्रियता र प्रत्यक्ष व्यक्तिलाई इंगीत गरि असर पर्नेकुरा गर्न पाईने छैन।

९. वादविवाद प्रतियोगिता विजेता पुरस्कार: प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने विद्यालयलाई क्रमशः रु.२०,०००/-,१५,०००/-, १०,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई ५,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।

१०. यसमा उल्लेख नभएका कुराहरु वादविवाद प्रतियोगिता सञ्चाल सम्बन्धी प्रचलित नियमानुसार हुनेछन्।

**वक्तृत्वकला प्रतियोगिता:**

१. वक्तृत्व नेपाली भाषामा हुनेछ।

२. वक्तृत्वमा व्यक्त गर्नुपर्ने कुराहरु लेखेर नोट पढ्दै भन्न पाईने छैन।

३. वक्तृत्वमा छनौट भएको विषयमा आफ्नो सिर्जनात्म अभिव्यक्ति मात्र राख्नुपर्ने छ।

४. वक्तृत्वको शीर्षक: " देश विकासको लागि मेरो सपना" रहनेछ।

५. वक्तृत्वकला प्रतियोगिता नगरपालिका स्तरीय पूर्ण आधारभूत विद्यालय तथा माध्यमिक विद्यालयहरु (६-१२) विच हुनेछ।

६. प्रत्येक सहभागीलाई आफ्नो शीर्षकमा वक्तव्य राख्न समय ५ मिनेट मात्र हुनेछ, ४ मिनेटमा जनाउ घण्टी बज्नेछ र उक्त समय अवधिभरि आफ्नो भनाई नसकेमा बाँकी समयमा गरेको कुराको मुल्यांकन हुने छैन।

७. पोषाक: सम्बन्धित विद्यालयको नियमानुसारको पोषाक अनिवार्य हुनुपर्नेछ।

८. प्रतियोगितामा कुनै जातजाती, सम्प्रदाय, भेषभूषा, राष्ट्र, राष्ट्रियता र प्रत्यक्ष व्यक्तिलाई इंगीत गरि असर पर्नेकुरा गर्न पाईने छैन।

१२. वक्तृत्वकला प्रतियोगिता विजेता पुरस्कार: प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने विद्यालयलाई क्रमशः रु.२०,०००/-,१५,०००/-, १०,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. ५,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।

१३. यसमा उल्लेख नभएका कुराहरु वक्तृत्वकला प्रतियोगिता सञ्चाल सम्बन्धी प्रचलित नियमानुसार हुनेछन्।

**नगर स्तरीय खुल्ला कविता प्रतियोगिता:**

पुर्चौंडी नगरपालिका भित्र स्थायी बसोबास गर्ने २४ बर्ष मुनिका जुनसुकै उमेर समूहका व्यक्तिले भाग लिन पाउने छन्।

१. पुर्चौंडी नगरपालिका भित्र स्थायी बसोबास गर्ने २४ बर्ष मुनिका जुनसुकै उमेर समूहका व्यक्तिले भाग लिन पाउने छन्।

२. कविता प्रतियोगितामा भाग लिन ईच्छुक व्यक्तिले सहभागीता फाराम भर्दा अनिवार्य रुपमा जन्म दर्ता प्रमाणपत्र वा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि दरखास्त दिनुपर्नेछ।

# पुर्चौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं.

३. कविता नेपाली भाषामा रहि शुद्ध नेपाली भाषाको हुनुपर्नेछ।
४. कविता स्वयम कविता रचनाकारको हुनुपर्नेछ कोहि कसैको हुबहु साभार गरिएको पाईएमा स्वतः कविता रचनाकार जवाफदेही हुनुपर्नेछ साथै उक्त कविता प्रतियोगिता बाट हटाईनेछ।
५. समयः कविता लेखनको लागि ३० मिनेटको समय दिइनेछ र कविता कार्यक्रम स्थलमै लेख्नुपर्नेछ।
६. निर्णायकले आवश्यक ठानेमा कविता पेश गरेको कविता रचनाकारलाई मञ्चमा बोलाई वाचन गर्न लगाउन सक्नेछन।
७. कविता कुनै पनि पत्रपत्रिका द्वारा सामाजिक सञ्जाल अनलाईन द्वारा प्रकाशित नभएको हुनुपर्नेछ।
८. कविताको विषय राष्ट्र, राष्ट्रियता, नेपालको प्राकृतिक स्वरुप तथा सौन्दर्यता, माया प्रेम भाव झल्किने, पेशा व्यवसायको वर्णन, सामाजिक विकासका सबल पक्षहरु र कमिकमजोरीलाई सुधार्न गर्नुपर्ने प्रयास, नयाँ कार्य योजनाको आवश्यकता दर्शाउने विषय भित्र रहि आफैले रचना गरेको सन्देशमुलक हुनुपर्नेछ। तर कवितामा समेटिएको विषयले कुनै व्यक्ति विशेष, धार्मिक, लैंगिक, जातजाती र राष्ट्रियता माथि आँच आउने किसिमको भए प्रतियोगितामा समावेश गरिने छैन्।
९. पोषाकः खुल्ला प्रतियोगिको रुपमा सहभागी हुने व्यक्तिले आफ्नो समाजको रहनसहन अनुसारको पोषाक लगाएको हुनुपर्नेछ।
१०. कविता प्रतियोगिता विजेता पुरस्कारः प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने व्यक्तिलाई क्रमशः रु.१०,०००/-,७,०००/-, ५,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. २,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।
११. यसमा उल्लेख नभएका कुराहरु कविता प्रतियोगिता सञ्चाल सम्बन्धी प्रचलित नियमानुसार हुनेछन्।

**नगर स्तरीय खुल्ला गजल प्रतियोगिताः**

१. पुर्चौंडी नगरपालिका भित्र स्थायी बसोबास गर्ने २४ बर्ष मुनिका जुनसुकै उमेर समूहको व्यक्तिले भाग लिन पाउने छन्।
२. गजल प्रतियोगितामा भाग लिन ईच्छुक व्यक्तिले सहभागीता फाराम भर्दा अनिवार्य रुपमा जन्म दर्ता प्रमाणपत्र या नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि दरखास्त दिनुपर्नेछ।
३. गजल नेपाली भाषामा रहि शुद्ध नेपाली भाषाको हुनुपर्नेछ।
४. गजल स्वयम गजलकारको हुनुपर्नेछ कोहि कसैको हुबहु साभार गरिएको पाईएमा स्वतः गजलकार जवाफदेही हुनुपर्नेछ साथै उक्त गजल प्रतियोगिता बाट हटाईनेछ।
५. समयः गजल लेखनको लागि ३० मिनेटको समय दिइनेछ र गजल कार्यक्रम स्थलमै लेख्नुपर्नेछ।
६. प्रत्येक प्रतियोगिले आफ्नो एक गजल राख्नुपर्नेछ र आवश्यक ठानेमा निर्णायकले दिएको अन्य शीर्षकमा तत्काले सिर्जना गरि भन्नुपर्नेछ।
७. गजल कुनै पनि पत्रपत्रिका द्वारा सामाजिक सञ्जाल अनलाईन द्वारा प्रकाशित नभएको हुनुपर्नेछ।
८. गजलको विषय राष्ट्र, राष्ट्रियता, नेपालको प्राकृतिक स्वरुप तथा सौन्दर्यता, माया प्रेम भाव झल्किने, पेशा व्यवसायको वर्णन, सामाजिक विकासका सबल पक्षहरु र कमिकमजोरीलाई सुधार्न गर्नुपर्ने प्रयास, नयाँ कार्य योजनाको आवश्यकता दर्शाउने गरि सन्देशमुलक हुनुपर्नेछ। तर गजलमा समेटिएको विषयले कुनै व्यक्ति विशेष, धार्मिक, लैंगिक, जातजाती र राष्ट्रियता माथि आँच आउने किसिमको भए प्रतियोगितामा समावेश गरिने छैन्।
९. पोषाकः खुल्ला प्रतियोगिको रुपमा सहभागी हुने व्यक्तिले आफ्नो समाजको रहनसहन अनुसारको पोषाक लगाएको हुनुपर्नेछ।
१०. गजल प्रतियोगिता विजेता पुरस्कारः प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने व्यक्तिलाई क्रमशः रु.१०,०००/-,७,०००/- ५,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. २,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।



प्रमुख प्रशासकिय अधिकृत

१४. गायनको मूल्याङ्कन गर्दा गीत अनुसारको सुर, तालनोटेशन-, टाइमिङ्ग लगायतका गायन प्रतियोगिता मूल्यांकन सम्बन्धी प्रचलित नियमलाई आधार मानिनेछ।

१५. प्रतियोगितामा प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने कलाकारलाई क्रमशः रकम रु.३०,०००/-,२०,०००/- १०,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. ५,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।

**नृत्य प्रतियोगिताः**

१. प्रतियोगीले आफ्नो नृत्य नेपाली भाषाको गीतमा प्रदर्शन गर्नुपर्नेछ।

२. नृत्य प्रतियोगिता नगरपालिका अन्तर्गतका जुनसुकै तहका सरकारी तथा निजी विद्यालयहरु विच सञ्चालन गरिनेछ।

३. नृत्य गर्ने गीत प्रतियोगी आफैले पेन्ड्राईभ मा ल्याउनुपर्नेछ।

४. गीत सुहाउदो पोषाक लगाउनुपर्ने छ।

५. कम्तिमा २ (दुई) जना र बढीमा ५ (पाँच) जना सम्मको हुनुपर्नेछ।

६. प्रतियोगीले आफूले नृत्य गर्ने गीत आफैले छनौट गर्नुपर्नेछ।

७. प्रतियोगितामा महिला वा पुरुष दुवैले भाग लिन पाउनेछन।

८. प्रतियोगितामा संस्थागतरुपमा भाग लिनु पर्नेछ। संस्थागत प्रतियोगीले अनिवार्य संस्थागको-पत्र ल्याउनुपर्नेछ।

९. नृत्य गर्ने गीतको समय बढिमा ४ (चार) मिनटको हुनुपर्नेछ।

१०. नृत्य गर्दा चाहिने सम्पूर्ण आवश्यक सामाग्री प्रतियोगी आफैले व्यवस्था गर्नुपर्नेछ।

११. प्रतियोगीले देश भक्ती, प्रकृतिको वर्णन, प्राकृतिक सम्पदा, विभिन्न जातजाती, भेषभुषा, माया प्रेम भाव झल्किने (लोक तथा देउडा, आदि लगायतका नेपालका सबै लोक नाचहरु परम्परागत लोक नाच तथा लोक भाकामा बनाइएका नेपाली चलचित्रका लोक गीतहरु ईत्यादि) र आधुनिक(नेपाली पप,), रिमिक्स जस्ता आधुनिक गीतहरु) गरि दुई ओटा विधाका गीतमा अनिवार्य नृत्य गर्नुपर्नेछ।

१२. नृत्यको मूल्याङ्कन गर्दा गीत अनुसारको भेष-भुषा, हाउ-भाउ, सुरुवात र अन्त्य आदिलाई आधार मानिनेछ।

१३. प्रतियोगितामा प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने कलाकारलाई नेपाली नगद क्रमशः रु.४००००/-,२५०००/- १५०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. १००००/- हजार नगद र प्रमाण-पत्र) प्रदान गरिनेछ।

**चित्रकला प्रतियोगिताः**

१. विषयः **"हिमाल, पहाड, तराईः यहाँ कोही छैन पराई"**।

२. कक्षाः १ देखि ५ सम्म अध्ययनरत प्रत्येक स्कूलहरुबाट १/१ जना सहभागी हुन पाउने छन्।

३. समयः १ घण्टा ३० मिनेट।

४. ड्रईङ पेपर आयोजकले उपलब्ध गराउने छ।

५. रङ, ब्रस लगायतका सामाग्री प्रतियोगी स्वयमलेनै व्यवस्था गर्नुपर्नेछ।

६. चित्रकला प्रतियोगिता विजेता पुरस्कारः प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने व्यक्तिलाई क्रमशः रु.१०,०००/-,७,०००/- ५,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. २,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।

**सबै प्रतियोगिताहरुमा लागु हुने नियमहरुः**

१. विद्यालय स्तरीय प्रतियोगितामा विद्यालयहरु सहभागी हुँदा सिफारिस पत्र सहित सहभागी पठाउनुपर्नेछ।



प्रमुख प्रशासकिय अधिकृत

# पुर्चौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.२०७८/०७९
च.नं.

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल


११. यसमा उल्लेख नभएका कुराहरु गजल प्रतियोगिता सञ्चाल सम्बन्धी प्रचलित नियमानुसार हुनेछन्।

**निबन्ध प्रतियोगिता:**

१. निबन्ध प्रतियोगिता नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय स्तरीय खुल्ला हुनेछ।

२. निबन्ध लेखन को भाषा नेपाली हुनेछ।

३. निबन्धको शीर्षक: "हाम्रो पुर्चौंडी" हुनेछ।

४. आयोजकले दिईएको शीर्षकमा रहि निबन्ध लेख्नुपर्नेछ र निबन्ध लेखनको समयावधि १ घण्टाको रहनेछ।

५. निबन्ध कम्तिमा ४०० (चार सय) शब्दको हुनुपर्नेछ।

६. निबन्ध कार्यक्रम स्थलमै लेख्नुपर्नेछ र सोको लागि पेपरको व्यवस्था आयोजकले गर्नेछ।

७. पोषाक: सम्बन्धित विद्यालयको नियमानुसारको पोषाक अनिवार्य हुनुपर्नेछ।

८. निबन्ध प्रतियोगिता विजेता पुरस्कार: प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने व्यक्तिलाई क्रमश: रु.१०,०००/-,७,०००/- ५,०००/- हजार नगद, ट्रफी मेडल, प्रमाण-पत्र र चतुर्थलाई रु. २,०००/- हजार नगद र प्रमाण-पत्र प्रदान गरिनेछ।

९. यसमा उल्लेख नभएका कुराहरु निबन्ध प्रतियोगिता सञ्चाल सम्बन्धी प्रचलित नियमानुसार हुनेछन्।

**नगर स्तरीय खुल्ला गायन प्रतियोगिता:**

१. प्रतियोगिले गाउने गीत नेपाली भाषामा हुनुपर्नेछ।

२. "एकल" ट्र्याक विना र ट्र्याक सहितको गायन प्रतियोगिता खुल्ला प्रतियोगिताको रुपमा सन्चालन गरिनेछ।

३. गीत सुहाउदो पोषाक लगाउनुपर्नेछ।

४. आफुले गाउने गीतको ट्र्याक प्रतियोगी आफैले पेन्ड्राईभमा ल्याउनुपर्ने छ।

५. प्रतियोगीले सुरुमा देश भक्ती, प्रकृतिको वर्णन, प्राकृतिक सम्पदा, विभिन्न जातजाती, भेषभूषा, माय प्रेम भाव संग सम्बन्धित (आधुनिक, लोक र देउडा) गरि तीन थरिका गीतहरु मध्ये जुनसुकै गीत पनि ट्र्याक विना गाउनुपर्नेछ। साथै निर्णायकले अन्य गीत गाउन लगाएमा समेत गाउनुपर्नेछ। तर कुनै जातजाती, सम्प्रदाय, भेषभूषा, राष्ट्र, राष्ट्रियता र प्रत्यक्ष व्यक्तिलाई ईंगीत गरि असर पर्ने सब्द प्रयोग भएको गीत गाउन पाईने छैन।

६. प्रतियोगीलाई एउटा गीत ट्र्याकमा गाउन बढिमा ४ मिनट समय प्रदान गरिनेछ एउटा प्रतियोगिले कुनै २ वटा गीतहरु ट्र्याकमा गाउनुपर्नेछ।

७. ट्र्याक विनाको गीत गायन पश्चात छनौट भएका व्यक्तिहरु मात्र ट्र्याक सहितको गीतमा समावेश हुनेछन्।

८. प्रतियोगिले आफ्नो रोजाईले देश भक्ती, प्रकृतिको वर्णन, प्राकृतिक सम्पदा, विभिन्न जातजाती, भेषभूषा, प्रेम भाव भएको गीत अन्तर्गत रहि जुनसुकै पनि आधुनिक, लोक र देउडा, गीत म्युजिक ट्र्याकमा गाउनु पर्नेछ।

९. प्रतियोगीहरुले प्रस्तुत गर्ने गीत आफैले छनौट गर्नुपर्नेछ।

१०. २४ बर्ष ननाघेको स्थायी नगरवासी महिला तथा पुरुष जो सुकैले पनि प्रतियोगितामा भाग लिन पाउनेछन्।

११. गायन प्रतियोगितामा भाग लिन ईच्छुक व्यक्तिले सहभागीता फाराम भर्दा अनिवार्य रुपमा जन्म दर्ता प्रमाणपत्र वा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि दरखास्त दिनुपर्नेछ।

१२. प्रतियोगितामा व्यक्तिगत वा संस्थागत रुपले भागलिन पाइनेछ। तर संस्थागत प्रतियोगीको हकमा भने अनिवार्य संस्थाको पत्र हुनुपर्नेछ।

१३. प्रतियोगिले प्रतियोगिताको लागि छनौट गरेको गीतको बोल सम्बन्धी सम्पूर्ण जानकारी निवेदनका साथ उपलब्ध गराउनुपर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

# पुर्चौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.२०७८/०७९
च.नं.

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

२. प्रतियोगितामा भाग लिन चाहनु हुने प्रतियोगिले २ वटा पासपोर्ट साईजको फोटोसहित आयोजकद्वारा उपलब्ध गराईने फाराम भरि बुझाउनुपर्नेछ। दरखास्त फाराम नगरपालिका कार्यालयमा निशुल्क प्राप्त गर्न सकिनेछ।

३. आवेदन शुल्क: विद्यालयहरुको हकमा निशुल्क र खुल्ला रुपमा सहभागी हुने व्यक्तिको हकमा रु.३००।– तीन सय मात्र, दरखास्त दस्तुर तिरेको भौचर आवेदन साथ संलग्न राखि पेश गर्नुपर्नेछ।

४. कुनै पनि विद्यालयले विद्यालय स्तरीय प्रतियोगितामा विद्यालयमा नियमित अध्ययनरत विद्यार्थी बाहेक अन्य व्यक्तिहरुलाई प्रतियोगितामा समावेश गरेमा त्यस्तो सिफारिस गर्ने व्यक्तिलाई नियमानुसार कारवाही हुनेछ।

५. सहभागिताको लागि निवेदन दिने अन्तिम मिति २०७८ मंसिर १८ गते देखि ऐ २१ गते सम्म हुनेछ।

६. कार्यक्रम हुने मिति र समय: मिति २०७८।०८।२२ गते देखि २०७८ साल मंसिर २६ गते सम्म प्रत्येक विहान ०९ बजे देखि साँझ ४ बजे सम्म हुनेछ।

७. प्रतियोगितामा भाग लिनुहुने प्रतियोगी कुनै कारणले प्रतियोगितामा भाग लिन नसक्ने भएमा प्रतियोगिता प्रवेश शुल्कको रुपमा लिएको दस्तुर फिर्ता हुने छैन।

८. प्रतियोगितामा भाग लिने प्रतियोगिले खाने बस्ने सम्पूर्ण व्यवस्था आफैले गर्नुपर्नेछ।

९. प्रतियोगितामा प्रथम, दोश्रो, तेश्रो र चतुर्थ (सान्त्वना) हुने विजेतालाई दिईने नगद पुरस्कारमा नियमानुसार १० प्रतिशत करकट्टी गरि बाँकी रकम विजेतालाई प्रदान गरिनेछ।

१०. पुरस्कार वितरण तथा सम्मान कार्यक्रमको अन्तिम दिन हुनेछ।

११. प्रतियोगीताको मूल्यांकन तथा निर्णयको लागि प्रत्येक प्रतियोगितामा एक निर्णायक समिति रहनेछ र उक्त समितिले गरेको निर्णयनै अन्तिम निर्णय हुनेछ।

१२. प्रतियोगिताको क्रममा कुनै विषयमा विवाद हुने अवस्था सिर्जना भएमा आयोजक र निर्णायक समितिले गरेको निर्णयनै अन्तिम निर्णय हुनेछ।

१३. यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ।

**बोधार्थ:**
**श्री वडा कार्यालय सबै पुर्चौंडी नगरपालिका:** सम्बन्धित सबैलाई सूचना गराउने व्यवस्था हुन अनुरोध।
**श्री सूचना प्रविधि शाखा:** वेबसाईटमा अपलोड गर्नुहुन।

बीर बहादुर नेपाली
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकिय अधिकृत